# स्थानीय राजपत्र

## मेल्लेख गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या ११ मिति २०८२ चैत्र ५ गते**


## भाग १

## मेल्लेख गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८२ को ऐन नं ११

### <u>जलस्रोत, ऐन, २०८२</u>

**<u>प्रस्तावना:</u>** मेल्लेख गाउँपालिकाभित्र रहेका जलस्रोतको संरक्षण, उपयोग र व्यवस्थापन गरी सुरक्षित खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्न, स्थानीय सिँचाइ प्रणालीको विकास र संरक्षण गर्न, पानी प्रदूषण नियन्त्रणमार्फत वातावरणीय सन्तुलन कायम राख्न तथा

स्थानीय स्तरका जलविद्युत आयोजना सञ्चालन र प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम मेल्लेख गाउँ सभाले यो ऐन जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम **"जलस्रोत, ऐन, २०८२"** रहनेछ।

(२) यो ऐन मेल्लेख गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** यस ऐनमा, विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा;

(क) "गाउँपालिका" भन्नाले मेल्लेख गाउँपालिका सम्झनुपर्छ।

(ख) "जलस्रोत" भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका नदी, खोला, खोल्सी, मुहान, इनार, पोखरी, ताल, जलाशय तथा भूमिगत पानी सम्झनुपर्छ।

(ग) "खानेपानी आयोजना" भन्नाले खानेपानी आपूर्ति, वितरण, शुद्धीकरण तथा सरसफाइसँग सम्बन्धित आयोजना सम्झनुपर्छ।

(घ) "स्थानीय सिँचाइ प्रणाली" भन्नाले साना तथा परम्परागत कुलो,



मेल्लेख गाउँपालिका

नहर, पोखरी, साना बाँध लगायतका सिँचाइ संरचना सम्झनुपर्छ।

(ङ) "स्थानीय जलविद्युत आयोजना" भन्नाले दश मेगावाटसम्म क्षमताको जलविद्युत आयोजना सम्झनुपर्छ।

## परिच्छेद-२

## जलस्रोतको संरक्षण र उपयोग

३. **जलस्रोतको संरक्षणः** (१) गाउँपालिकाभित्र रहेका नदी, खोला, खोल्सी, मुहान, इनार, पोखरी, ताल, जलाशय, भूमिगत पानी तथा वर्षा पानीलगायत सबै प्रकारका जलस्रोतहरू सार्वजनिक सम्पत्ति मानी तिनको संरक्षण, संवर्द्धन, व्यवस्थापन र दिगो उपयोग गर्नु गाउँपालिकाको प्रमुख दायित्व हुनेछ।

(२) गाउँपालिकाले जलस्रोतको प्राकृतिक अवस्था, बहाव र पुनर्भरण प्रणालीलाई क्षति नपुग्ने गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(३) कुनै पनि व्यक्ति, संस्था वा निकायले जलस्रोतमा अतिक्रमण गर्ने, ढुंगा, गिट्टी, बालुवा जस्ता सामग्रीको अनियन्त्रित उत्खनन गर्ने, फोहर पदार्थ मिसाउने, रासायनिक वा जैविक प्रदूषण गर्ने, अत्यधिक वा अवैज्ञानिक रूपमा पानी दोहन गर्ने वा जलस्रोतको प्राकृतिक बहाव, संरचना र पारिस्थितिक सन्तुलनमा प्रतिकूल असर पर्ने कार्य गर्न पाउने छैन।

४. **जलस्रोतको उपयोगः** (१) मेल्लेख गाउँपालिकाभित्र उपलब्ध जलस्रोतको उपयोग सार्वजनिक हित, दिगोपन र न्यायोचित पहुँचको सिद्धान्त अनुरूप गरिनेछ।

(२) जलस्रोतको उपयोग गर्दा सर्वप्रथम खानेपानी तथा सरसफाइ प्रयोजनलाई प्राथमिकता दिइनेछ र त्यसपछि सिँचाइ, पशुपालन, ऊर्जा उत्पादन, घरेलु, औद्योगिक तथा अन्य सामाजिक आर्थिक प्रयोजनका लागि क्रमशः उपयोग गरिनेछ।

(३) जलस्रोतको उपयोग प्राकृतिक बहाव, पुनर्भरण क्षमता र पारिस्थितिक सन्तुलनमा प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ।

(४) कुनै पनि व्यक्ति, संस्था वा व्यवसायिक निकायले गाउँपालिकाबाट स्वीकृति नलिई जलस्रोतको दोहन, मोड, बाँध निर्माण, पानी तान्ने, वितरण गर्ने वा व्यावसायिक रूपमा प्रयोग गर्न पाउने छैन।

(५) जलस्रोतको उपयोग गर्दा पानीको बचत, दक्षता र पुनःप्रयोग प्रवर्द्धन गर्नुपर्नेछ।

(६) जलस्रोत उपयोगसम्बन्धी आयोजना वा संरचना सञ्चालन गर्दा वातावरणीय प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गर्नुपर्नेछ तथा प्रचलित कानुन बमोजिम आवश्यक वातावरणीय स्वीकृति लिनुपर्नेछ।

(७) गाउँपालिकाले जलस्रोतको उपयोग, मात्रा, गुणस्तर तथा प्रभावको नियमित अनुगमन गर्नेछ।

५. **स्थानीय जलविद्युत आयोजना सञ्चालनः** (१) दश मेगावाटसम्म क्षमताका जलविद्युत आयोजना गाउँपालिकाले

आफैं वा सार्वजनिक, निजी साझेदारी मार्फत सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) यस्ता आयोजनाको अनुमति, अनुगमन तथा स्थानीय लाभ बाँडफाँट गाउँपालिकाले गर्नेछ।

## परिच्छेद-३

## दर्ता, अनुमति

६. **स्रोत दर्ता गर्नु पर्नेः** (१) गाउँपालिकाभित्र रहेका कुनै पनि मुहान, इनार, पोखरी, साना खोला वा अन्य जलस्रोतलाई खानेपानी, सिँचाइ, व्यवसायिक, औद्योगिक वा ऊर्जा उत्पादनका लागि प्रयोग गर्न व्यक्ति, संस्था वा व्यवसायिक निकायले गाउँपालिकामा अनिवार्य रूपमा दर्ता गराउनु पर्नेछ।

(२) दर्ता गर्दा स्रोतको स्थान, स्रोतको अवस्था, उपयोगको प्रयोजन, उपयोगकर्ता विवरण र अनुमानित उपयोग मात्रा खुलाउनुपर्नेछ।

(३) ऐन जारी हुनु अघि विभिन्न व्यक्ति, संस्था वा व्यवसायिक निकायले दर्ता गरिसकेका स्रोतहरू प्रमाणसहित सूचिकृत गर्नु पर्नेछ र दर्ता नगरेको स्रोत ऐन जारी भएको एक वर्ष भित्र अनिवार्य दर्ता गर्नु पर्नेछ।

(४) गाउँपालिकाले दर्ता भएका स्रोतको अभिलेख राख्नेछ र स्रोतको संरक्षण, दिगो उपयोग तथा सार्वजनिक हित विपरीत प्रयोग हुन नदिन नियमित अनुगमन गर्नेछ।

७. **अनुमति लिनु पर्नेः** (१) गाउँपालिकामा दर्ता गरिएका स्रोतलाई व्यावसायिक, औद्योगिक, सिँचाइ वा ऊर्जा

उत्पादन प्रयोजनका लागि प्रयोग गर्न देहायको विवरण खुलाई अनुमति लिनु पर्नेछ।

(क) स्रोतको विवरण,

(ख) प्रयोगको प्रयोजन,

(ग) अनुमानित उपयोग मात्रा,

(घ) पाइपलाइन वा संरचना निर्माण योजना

(२) अनुमति जारी गर्दा गाउँपालिकाले स्रोत संरक्षण, न्यूनतम् वातावरणीय बहाव, दिगो उपयोग र सार्वजनिक हित सुनिश्चित गर्ने मापदण्ड निर्धारण गर्नेछ।

(३) अनुमति प्राप्त व्यक्ति वा संस्थाले गाउँपालिकाले तोकेको शर्त र मापदण्ड पालना गर्नुपर्नेछ।

८. **अनुमति खारेज हुने:** (१) अनुमति प्राप्त जलस्रोत प्रयोगकर्ताले गाउँपालिकाले तोकेको शर्त वा मापदण्ड उल्लंघन गरेमा अनुमति खारेज गर्न सक्नेछ।

(२) अनुमति खारेज भएपछि सम्बन्धित व्यक्ति वा संस्थाले जलस्रोतको प्रयोग तुरुन्त बन्द गर्नेछ।

## परिच्छेद-४

## गुणस्तर सम्बन्धी व्यवस्था

९. **जलस्रोतलाई प्रदुषित गर्न नहुने:** (१) नेपाल सरकारले तोकेको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले कुनै पनि किसिमको फोहोरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुँदैन।

मेल्लेख गाउँपालिका

(२) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा गाउँपालिकाले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ।

१०. **वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने:** जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ।

## परिच्छेद-५

## जरिवाना सम्बन्धी व्यवस्था

११. **जरिवाना हुने:** कसैले देहायका कार्य गरेमा गाउँपालिकाले जरिवाना गर्नेछ।

(क) गाउँपालिकाभित्रको मुहान, इनार, पोखरी, साना खोला वा अन्य जलस्रोतलाई दर्ता नगरी उपयोग गरेमा,

(ख) अनुमति नलिई जलस्रोत दोहन, बाँध निर्माण, पाइपलाइन विस्तार वा व्यावसायिक प्रयोग गरेमा,

(ग) अनुमति प्राप्त जलस्रोत प्रयोगकर्ताले गाउँपालिकाले तोकेको न्यूनतम बहाव, संरचना सुरक्षा, दिगो प्रयोग वा अन्य मापदण्ड उल्लंघन गरेमा,

(घ) अनुमति प्राप्त जलस्रोत, मुहान, इनार, पोखरी वा साना खोलामा अवरोध, अतिक्रमण वा क्षति पुर्‍याएमा,

(ङ) जलस्रोतमा फोहर, औद्योगिक निकास, रासायनिक वा विषालु पदार्थ मिसाउने वा गुणस्तर उल्लंघन गरेमा

(च) जलस्रोतको प्राकृतिक बहाव, पुनर्भरण क्षमता र पारिस्थितिक सन्तुलनमा प्रतिकूल असर गर्ने गरी पानी दोहन गरेमा,

(छ) गाउँपालिकाले तोकेको आयको हिस्सा नतिरेमा।

१२. <u>जरिवानाः</u> (१) दफा ११ बमोजिम कसूर गर्नेलाई गाउँपालिकाले कसूरको प्रकृति र गम्भीरता अनुसार रु पाँच हजार देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(२) आवश्यक परेमा गाउँपालिकाले क्षतिपूर्ति भराई जलस्रोतको पुनःस्थापना गराउने व्यवस्था गर्नेछ।

(३) कसूर दोहोरिएमा गाउँपालिका अनुमति स्थायी रूपमा खारेज, प्रशासनिक कारबाही अघि बढाउने वा अन्य कानुनी सजाय गर्न सक्नेछ।

१३. **पूनरावेदनः** दफा १२ वमोजिमको क्षतिपूर्ति वा सजायमा वा तोकिएको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-६

## बिबिध

१४. **जलस्रोत उपयोगमा बाधा नपुऱ्याउन नहुनेः** (१) गाउँपालिकाबाट अनुमति लिई उपयोग गरिएका जलस्रोत, मुहान, इनार, पोखरी, साना खोलासहितका संरचनाहरूमा कुनै पनि व्यक्ति, संस्था वा व्यवसायिक निकायले अवरोध, अतिक्रमण वा क्षति पुऱ्याउन पाउने छैन।

(२) गाउँपालिकाले अनुमति प्राप्त जलस्रोतको उपयोग, संरक्षण र सुरक्षाको अनुगमन गर्नेछ र यस दफा विपरीत कार्य गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले प्रचलित कानुन अनुसार जरिवाना, दण्ड वा अन्य उपयुक्त कारबाही गर्नेछ।

(३) कसैले अनुमति प्राप्त जलस्रोतमा अनावश्यक अवरोध सिर्जना गरेमा गाउँपालिकाले तत्काल अवरोध नगर्न निर्देशन दिनेछ।

१५. **जलस्रोत उपयोगबाट आय प्राप्त गर्न सक्नेः** (१) स्थानीय जलविद्युत, व्यवसायिक वा औद्योगिक प्रयोजनका लागि गाउँपालिकाबाट अनुमति लिई गरिएको उपयोगबाट हुने बार्षिक लाभ वा आम्दानीको निश्चित हिस्सामा गाउँपालिकाले आफ्नो आर्थिक ऐनमा उल्लेख भएबमोजिमको दर अनुसार आयका रूपमा प्राप्त गर्न सक्नेछ।

(२) गाउँपालिकाले प्राप्त हुने आयको दर, तिर्ने समयसीमा, र अन्य विवरण अनुमति जारी गर्दा वा गाउँपालिकाले तोकेको मापदण्ड अनुसार निर्धारण गर्नेछ।

(३) अनुमति प्राप्त व्यक्ति, संस्था वा व्यवसायिक निकायले गाउँपालिकालाई तय गरिएको दर अनुसार आय तिर्ने दायित्व पूरा नगरेमा गाउँपालिकाले यस ऐन तथा प्रचलित कानुन अनुसार जरिवाना गर्न सक्नेछ।

१६. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१७. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही जलस्रोतको संरक्षण र उपयोग सम्बन्धी काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१८. **वाधा अडकाउ फुकाउने अधिकार**ः (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**आज्ञाले**

दिर्घ बहादुर खड्का

नि. प्रमुख प्रशासकीय अधिकृत